नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १९ २०७८ साल साउन २५ गते सोमबार (9 Aug. 2021 Monday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

श्रमिकहरुको मौलिक अधिकारको सम्मान गरौं,

सबै प्रतिष्ठानहरुले न्यूनतम पारिश्रमिक प्रदान गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

यस अंक भित्र : २ पृष्ठमा : 'अध्यादेशबाट गरिएका ... ३ पृष्ठमा : कोल्टो फेर्दै गोलबजार ... ३ पृष्ठमा :सबरगान सहरलाई कब्जामा ...

## गलत प्रकृयाबाट नागरिकता लिने र दिनेलाई कार्वाही हुनुपर्छ : प्रदेश २ प्रमुख झा



**दैनिक समाचारदाता**
**राजविराज, २४ साउन ।**

प्रदेश २ का प्रमुख राजेश झाले गलत प्रकृयाबाट नागरिकता लिने र दिने दुबैलाई कार्वाही हुनुपर्ने बताएका छन् ।

जिल्ला प्रशासन कार्यालय सप्तरीमा आईतबार सुरक्षा निकायका अधिकारी र संचारकर्मीसँगको अन्तरकृया कार्यक्रममा बोल्दै प्रदेश प्रमुख झाले किर्ते गरी नागरिकता लिने र दिने दुबै दोषी भएको बताए ।

कार्यक्रममा प्रदेश प्रमुख झाले च्यस्प्रदेश २ अपराध र अतिवादको चपेटामा रहेकाले यसतर्फ सबैले ध्यान दिनुपर्ने बताउँदै सीमा सुरक्षा, नागरिकता, भ्रष्टाचार र राष्ट्रिय एकतामा कुनै किसिमको सम्झौता गर्न सम्बन्धीत सबै पक्षलाई निर्देशन समेत दिए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले जिल्लाको बारेमा, जिल्ला प्रहरी प्रमुख राजेन्द्र प्रसाद धमलाले जिल्लाको शान्ति सुरक्षा, लागूऔषध, महिला हिंसा, सशस्त्र प्रहरीका उपरीक्षक राजु श्रेष्ठले सीमा तथा लागूऔषध बिषयमा तथा नेपाली सेनाका प्रमुख सेनानी निरज भण्डारीले नेपाली सेनाको गतिविधीबारे जानकारी गराएका थिए ।

यसअघि प्रदेश प्रमुख झाले नेपाल पत्रकार महासंघ सप्तरी शाखामा पुगेर जिल्लाका संचारकर्मीहरुसँग भेटघाट पनि गरेका थिए । सो क्रममा उनले सप्तरीको पत्रकारिता प्रदेश २ को ८ वटै जिल्ला मध्ये उत्कृष्ट रहेको बताए । महासंघको गतिविधी, पत्रकार तथा पत्रकारिताको अवस्था बारे महासंघका अध्यक्ष श्रवणकुमार देवले उनलाई जानकारी समेत गराएका थिए ।

## सम्मानजनक जिम्मेवारीका लागि जोड




**दैनिक समाचारदाता**
**राजविराज, २४ साउन ।**

नेकपा (एमाले) सप्तरी माधव नेपाल पक्षले पार्टी आवद्ध सबैको सम्मानजनक जिम्मेवारीका लागि जोड दिएको छ ।

पार्टीको जिल्ला कार्य समितिको शनिबार सम्पन्न बिस्तारिक बैठकपछि आइतबार आयोजना गरेको पत्रकार सम्मेलनमा पार्टीलाई २०७५ जेठ २ अघिको अवस्थामा फर्काई एकताबद्ध र सशक्त संगठन निर्माण तथा सम्मानजनक सहभागिताका लागि जोड दिएको हो ।

प्रेस चौतारी नेपालको आयोजनामा आयोजित पत्रकार सम्मेलनमा प्रमुख अतिथि प्रदेश २ का सहइन्चार्ज नागेन्द्र चौधरीले पार्टी भित्र देखिएका समस्या समाधानका लागि कसैलाई काखा र पाखा गर्न नमिल्ने भन्दै सबैको सम्मानजनक सहभागिता पार्टीको हितमा रहेको बताएका छन् ।

उनले वर्तमान अवस्थामा पार्टी भित्र देखिएको आन्तरिक द्वन्दले कसैको भलो नहुने बताउँदै सबैलाई एकताबद्ध रुपमा सम्मानजनक सहभागिता गराए मात्र पार्टीको हित हुने बताए ।

सोही पत्रकार सम्मेलनमा पार्टी जिल्ला कमिटिका अध्यक्ष गोबिन्द न्यौपानेले एक प्रेस विज्ञप्ति जारि गर्दै आफूहरु विधिवत रुपमा पार्टीको जिम्मेवारीमा निर्वाचित भएपनि अर्को पक्षले अध्यक्षको नाममा गतिविधी गर्दै आएको प्रति आपत्ति प्रकट गरे ।

सोही कार्यक्रममा प्रकाश खतिवडा, अम्बिका दहाल लगायतले पनि वर्तमान परिस्थितमा पार्टीले खेल्नु पर्ने भूमिका बारे आ-आफ्नो धारणा राखेका थिए ।

आयोजित कार्यक्रममा एमाले जिल्ला समिति सप्तरी

*बाँकी दुई पृष्ठमा*

## सूर्यनाथ पुनः माओवादीमै फर्किए



**दैनिक समाचारदाता**
**राजविराज, २४ साउन ।**

तत्कालिन माओवादीका सप्तरी जिल्ला इन्चार्ज सूर्यनाथ यादव पुन: सोही पार्टीमा फर्किएका छन् । काठमाडौंमा आइतबार आयोजित एक कार्यक्रम बीच यादवलाई माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दहाल प्रचण्डले टीका लगाएर पार्टीमा प्रवेश गराएका हुन् ।

वि.स. २०७१ सालमा मओवादी पार्टी परित्याग गरि यादव तत्कालिन मधेशी जनअधिकार फोरममा प्रवेश गरेका थिए । माओवादी केन्द्र प्रवेश गर्नुअघिसम्म उनी जनता समाजवादी पार्टी नेपालका केन्द्रिय सदस्य थिए ।

पार्टी प्रवेश कार्यक्रममा माओवादी नेताहरु मातृका प्रसाद यादव, शिव कुमार मण्डल, अशोक मण्डल, शिवराम यादव, महेश यादव, अरुण कुमार साह, छेदी रजकसहितका उपस्तिथि रहेको थियो ।



# ‘अध्यादेशबाट गरिएका नियुक्ति संविधानसम्मत’

काठमाडौं, २४ साउन (रासस)। प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले अघिल्लो केपी शर्मा ओली नेतृत्वको सरकारले अध्यादेशमार्फत गरिएका नियुक्ति कानूनसम्मत भएको लिखित राय दिनुभएको छ। महान्यायाधिवक्ता कार्यालयमार्फत सर्वोच्च अदालतमा पेश गरिएको प्रधानन्यायाधीश राणाको लिखित जवाफमा संवैधानिक परिषद्ले संविधानले प्रदान गरेको अधिकारक्षेत्र भित्र रहेर संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ अनुसार गरिएका निर्णय कानून सम्मत रहेको उल्लेख छ।

सभामुख अग्नि सापकोटाले अध्यादेशमार्फत २०७७ मङ्सिर ३० गते र त्यसपछिका नियुक्ति तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा बसेको बैठकले गरेको संवैधानिक निकायमा भएका नियुक्ति गैरसंवैधानिक भएको उल्लेख गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो। प्रधानन्यायाधीश राणाको लिखित जवाफमा संवैधानिक परिषद्को निर्णय असवैधानिक भन्न नमिल्ने भएकाले उक्त रिट निवेदन खारेज हुनुपर्ने तीन आधार प्रस्तुत गर्नुभएको छ।

नेपालको संविधानको धारा २८४ ले प्रधानान्यायाधीश, संवैधानिक निकायका प्रमुख र पदाधिकारीको नियुक्तिको सिफारिस गर्न संवैधानिक परिषद्सम्बन्धी व्यवस्था गरेको छ। लिखित जवाफमा भनिएको छ, "संवैधानिक परिषद्ले संविधानले प्रदान गरेको अधिकारक्षेत्र भित्र रहेर संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ अनुसार गरिएका निर्णय संविधान र कानूनसम्मत नै रहेको हुँदा निवेदकको जिकिर औचित्यपूर्ण छैन।"

त्यसैगरी नेपालको संविधानले शक्तिपृथकीकरणको सिद्धान्तलाई मूर्तरूप दिन कार्यकापालिका, व्यवस्थापिका र न्यायपालिकाको अलगअलग संरचनामा राज्यशक्तिको विभाजन गरेको छ। शक्तिपृथकीकरण बिना कानूनी राज्यको अवधारणाले सार्थकता पाउन सक्दैन। कार्यकारी अधिकारका लागि कार्यपालिकाको व्यवस्था गरिएको छ, व्यवस्थापिकाको अधिकारका लागि व्यवस्थापिकाको प्रबन्ध गरिएको छ, संविधानको संरक्षण र नागरिक हक अधिकारको प्रचलनका लागि न्यायपालिकाको व्यवस्था गरिएको छ।

लिखित जवाफमा भनिएको छ, "यी अङ्गको कानूनको कार्यान्वयन गर्ने, कानूनको तर्जुमा गर्ने र कानूनको व्याख्या गर्ने जिम्मेवारी संविधानले प्रदान गरेको छ, वर्तमान संविधानको भाग ९ मा सङ्घीय व्यवस्थापन कार्यविधिको शीर्षकअन्तर्गत धारा १०९ देखि धारा ११४ सम्म कानून निर्माणको प्रक्रिया व्यवस्था गरिएको छ, धारा ११४ मा अध्यादेशसम्बन्धी व्यवस्था छ।"

अध्यादेश ऐन सरह लागू हुने गरी जारी गरिएको कार्यकारी आदेश हो। सङ्घीय संसद्को दुवै सदनको अधिवेशन नचलेको, तत्काल कानूनी व्यवस्था नभएर काममा बाधा भएमा र मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिको सिफारिसमा जारी भएमा अध्यादेश जारी गर्न सकिन्ने लिखित जवाफमा छ।

प्रधानन्यायाधीश राणाले तेस्रो आधार प्रस्तुत गर्दै नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) र सम्बन्धी पहिलो संशोधन अध्यादेश २०७७ जारी भएको छ। उक्त व्यवस्थाअनुसार अध्यक्ष र कम्तीमा पाँच सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिने व्यवस्था छ। लिखित जवाफमा भनिएको छ, "उक्त व्यवस्थाको सट्टा अध्यक्षसहित तत्काल बहाल रहेका बहुमत सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिने भनी संशोधन भएको देखिन्छ।"

सर्वोच्च अदालतको उक्त विवादमा १० थान रिट निवेदन परेको थियो। संवैधानिक इजलास र नियमित इजलासमा विचाराधीन अवस्थामा रहेका छन्। सभामुख सापकोटा २०७७ माघ २३ गते सर्वोच्च अदालतको उक्त निर्णयविरुद्ध रिट निवेदन दायर गर्नुभएको थियो। महान्यायाधिवक्ताको कार्यालयमार्फत गत चैत ११ गते सर्वोच्च अदालतमा लिखित जवाफ पेश भएको भए पनि सार्वजनिक रूपमा गलत खालका समाचार सम्प्रेषण भएपछि अदालते आइतवार उक्त लिखित जवाफ सार्वजनिक गरेको हो। सर्वोच्च अदालतका प्रवक्ता बाबुराम दाहालले राससँग कुरा गर्दै भन्नुभयो, "केही सञ्चारमाध्यममा गलत खालका समाचार सम्प्रेषण भएको देखियो, सत्य के हो भनेर देखाउनका लागि आइतवार उक्त लिखित जवाफ सार्वजनिक गरिएको हो।"

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कक्षा १२ को परीक्षा स्थगित

भक्तपुर, २४ साउन (रासस)। राष्ट्रिय परीक्षा बोर्डले यही साउन ३१ गतेदेखि भदौ ९ गतेसम्म सञ्चालन गर्न तयारी गरेको कक्षा १२ को परीक्षा स्थगन भएको छ। परीक्षा आउन एक हप्ता बाँकी हुँदा बोर्डको शनिबार बसेको बैठकले अन्तिम तयारी पूरा गरिसकेको परीक्षा स्थगन गर्ने निर्णय गरेको बोर्डका परीक्षा नियन्त्रक कृष्ण शर्माले जानकारी दिनुभयो।

कक्षा ११ को परीक्षा हाल भौतिकरूपमा होमसेन्टरमा सञ्चालन भइरहेको अवस्थामा बोर्डले कक्षा १२ को परीक्षा स्थगन गर्ने निर्णय गरेको छ। परीक्षा नियन्त्रक शर्माका अनुसार कक्षा ११ को परीक्षा ९० प्रतिशत सकिएको र यता कोरोना सङ्क्रमण बढ्दै गएको अवस्थामा कक्षा १२ को परीक्षा भने स्थगन गर्ने निर्णय भएको छ।

परीक्षा कहिले कसरी सञ्चालन हुन्छ भन्नेबारेमा बोर्डको अर्को बैठकले निर्णय गरी परीक्षा सञ्चालन हुनुभन्दा १५ दिन अगाडि नै सूचना सार्वजनिक गरिने उहाँको भनाइ थियो।

स्वाथ्यराज्यमन्त्री उमेश श्रेष्ठले कोरोना सङ्क्रमण बढ्दै गएकाले भौतिकरूपमा परीक्षा सञ्चालन नगरी आन्तरिक मूल्याङ्कनबाट गर्ने बताउनुभएको थियो। त्यसपछि स्वास्थ्य मन्त्रालयको सिफारिशमा कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (सिसीएमसी)ले कोरोना सङ्क्रमण बढ्दै गएको कारण देखाउँदै तत्काल परीक्षा गर्न नसक्ने भन्दै बोर्डलाई नयाँ मिति तय गर्न पत्राचार गरेपछि बोर्डले परीक्षा स्थगन गर्ने निर्णय गरेको हो।

विद्यार्थी सङ्गठन र अभिभावकले सबै परीक्षार्थी र परीक्षामा संलग्न सबैलाई कोभिडविरुद्धको खोपको व्यवस्थापन गर्न, व्यवस्थापन गर्न नसक्ने भए स्थगन गर्न माग गर्दै आएका थिए। कक्षा १२ मा तीन लाख ७२ हजार ३४८ परीक्षार्थीका लागि बोर्डले चार हजार ३१० परीक्षा केन्द्र निर्धारण गर्दै होम सेन्टरमा सुरक्षित भएर परीक्षा सञ्चालन गर्न सकिने गरी तयारी अन्तिम चरणमा पुऱ्याएको बताउँदै आएको थियो। परीक्षा बोर्डले यसपटक १०० पूर्णाङ्कको परीक्षा गराउने गरी भौतिक दूरी कायम गर्दै एउटा कक्षामा २५ जनामात्रै विद्यार्थी राखेर परीक्षा सञ्चालन गर्ने तयारी गरेको थियो।

बोर्डले परीक्षाको सबै तयारी पूरा गरिसकेको र परीक्षाअगावै सबै परीक्षार्थीलाई खोपको व्यवस्थापन गरी परीक्षा केन्द्रहरूमा हेल्थ डेस्कको व्यवस्था गर्न स्वास्थ्य मन्त्रालयलाई आग्रह गरेका थिए।

बोर्डले सबै तयारी पूरा गरेको, विद्यार्थी पनि सुरक्षितरूपमा परीक्षा दिन तयार भएको र कक्षा ११ को परीक्षा भौतिकरूपमा होम सेन्टरमा अहिले पनि चलिरहेको बताएको छ।

बोर्डले गत वर्ष परीक्षा समय र अङ्कभार घटाएर परीक्षा लिएको थियो। बोर्डले ४० प्रतिशत मूल्याङ्कनका लागि मात्रै परीक्षा लिएको थियो। बाँकी ४० प्रतिशत मूल्याङ्कन कक्षा ११ को नतिजाका आधारमा र २० प्रतिशत आन्तरिक मूल्याङ्कनको आधारमा परीक्षा भएको थियो। यस वर्ष परीक्षा अब कसरी र कहिले हुन्छ भन्ने अन्योल शुरु भएको छ।

# जापानबाट तीन लाख मात्रा खोप आइपुग्यो

काठमाडौं, २४ साउन (रासस)। जापान सरकारले नेपाललाई अनुदानमा दिएको कोरोनाविरुद्धको करिब तीन लाख खोप आइपुगेको छ।

कोभ्याक्स सुविधाअन्तर्गत पहिलो चरणमा एस्ट्राजेनेकाको तीन लाख मात्रा खोप आइपुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा रोशन पोखरेलले जानकारी दिनुभयो। जापानले नेपाललाई १६ लाख मात्रा एस्ट्राजेनेकाको खोप दिने बताएको थियो। जापानबाटै शनिबार पाँच लाखमात्रा खोप आएको थियो। बाँकी खोप एक सातापछि आउने मन्त्रालयले जनाएको छ।

यसअघि शुक्रबार भुटानबाट दुई लाख ३० हजार मात्रा कोभिशिल्ड खोप प्राप्त भएको थियो। जापानबाट प्राप्त खोप पहिलो मात्रा लगाएका नागरिकलाई लगाइनेछ।

हालसम्म खरिद र अनुदान गरेर करिब एक करोड मात्रा खोप स्वदेश आइपुगेको छ। नेपालले ६० लाख मात्रा खोप खरिद गरेको छ। चीनबाट ४० लाख भेरोसेल र भारतबाट २० लाख कोभिशिल्ड खोप खरिद गरिएको छ। भारतबाट खरिद गरिएकामध्ये १० लाख मात्रा खोप अझैसम्म आपूर्ति भएको छैन।

यसैगरी भारतबाट अनुदानमा ११ लाख कोभिशिल्ड (नेपाली सेनासहित) प्राप्त भएको छ। चीनबाट १८ लाख मात्रा भेरोसेल खोप अनुदानमा प्राप्त भएको छ। यस्तै गाभीबाट तीन लाख ४८ हजार कोभिशिल्ड र अमेरिकाबाट १५ लाख ३४ हजार जे एण्ड जे खोप अनुदानमा प्राप्त भएको मन्त्रालयले जनाएको छ।

खोपको नियमित आपूर्ति हुन थालेपछि सरकारले खोप केन्द्र पनि थप गरिएको छ। खोप केन्द्रमा भीडभाड देखिएको र खोप लगाउनेबाटै सङ्क्रमण फैलनसक्ने देखिएपछि सरकारले एक हजार ४३३ खोप केन्द्र थप गरेको हो। पहिले दुई हजार ९८९ खोप केन्द्र भएकामा अहिले त्यो सङ्ख्या चार हजार ४२२ पुऱ्याइएको छ। काठमाडौं उपत्यकामा ८३ खोप केन्द्र थप गरी १४९ पुऱ्याइएको छ।

**सम्मानजनक ...**

बैठकद्वारा शनिबार गरिएको निर्णय सार्वजनिक गरिएको छ। अध्यक्ष न्यौपानेले जिल्ला समितिलाई बिस्तार गरि १ सय ५१ सदस्य जिल्ला समिति तथा पार्टीमा जिम्मेवारी बाँडफाँड गरिएको जानकारी दिए।

बैठकको निर्णयअनुसार क्षेत्र नम्बर १ का ईन्चार्जमा नारायण आचार्य, २ मा निरन्जन झा, ३ मा अनिल गुप्तालाई क्षेत्रीय ईन्चार्ज तथा ४ नम्बर क्षेत्रका ईन्चार्जमा राजेन्द्र प्रसाद साहलाई कायमै राखिएको छ।

सम्पन्न बैठकले किसानहरुका लागि सहजरुपमा मलखादको व्यवस्था मिलाउन तथा बाढी, पहिरो पीडित जनतालाई राहत क्षतिपूर्ती र पुर्नवासका लागि व्यवस्था गर्न बैठकले माग गरेको पत्रकार सम्मेलनमा बितरित प्रेस विज्ञप्तिमा उल्लेख गरेको छ।

# रु एक अर्ब ६५ करोडको डाइपर आयात

काठमाडौं, २४ साउन (रासस)। गत आर्थिक वर्षमा नेपालले रु एकअर्ब ६५ करोड मूल्य बराबरका डाइपर आयात गरेको छ।

सो अवधिमा विभिन्न १५ मुलुकबाट उक्त मूल्य बराबरका १० करोड ५५ लाख थान डाइपर आयात भएको भन्सार विभागले जनाएको छ। विभागका अनुसार तीमध्ये सबैभन्दा बढी भारतबाट रु एक अर्ब ५० करोड मूल्य बराबरका करिब १० करोड थान डाइपर आयात भएको छ। त्यस्तै भियतनामबाट रु ५० लाख मूल्य बराबरका पाँच लाख २० हजार तथा पाकिस्तानबाट रु ३१ लाख मूल्य बराबरका करिब १५ हजार थान डाइपर आयात भएको विभागले जनाएको छ। नेपालले मलेशिया, थाइल्याण्ड, युनाइटेड स्टेट्स (यूएइ), टर्की, थाइल्याण्ड, हङकङ, सिङगापुर र डेनमार्कबाट पनि डाइपर आयात गर्ने गरेको छ।

विशेषगरी नवजात शिशु, शल्यक्रिया गरेका बिरामी,ज्येष्ठ नागरिक तथा लामो यात्रा गर्नेले मलमूत्र अन्यत्र नजाओस् भन्नका लागि डाइपरको प्रयोग गर्ने गर्दछन्।

# कोल्टो फेर्दै गोलबजार नगरपालिका

**राजु विश्वकर्मा**
लहान, २४ साउन (रासस)।

सिरहाको गोलबजार नगरपालिकाले छोटो समयमै विकास पूर्वाधारमा फड्को मारेको छ।

बढ्दो अतिक्रमण र अव्यवस्थित बजारका कारण विगतमा कुरुप बन्दै गएका नगरक्षेत्रमा यतिबेला परिवर्तनको आभास हुन थालेको छ। नगरपालिकाले सडक पूर्वाधारको विकास, बिस्तारसँगै व्यवस्थित बजार निर्माणलाई प्राथमिकता दिएर काम अघि बढाएपछि नगरक्षेत्रको स्वरुप फेरिन लागेको हो। ग्रामीण क्षेत्रलाई शहरसम्म जोड्ने सडकलाई कालोपत्र र ढलान गरी सडक पक्की बनाउने योजनालाई नगरपालिकाले प्राथमिकता दिएको छ।

नगरपालिकाले गत आव ०७६/०७७ देखि सडकलाई पक्की र कालोपत्र गर्ने योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिरहेको छ। सडक सञ्जाल निर्माण गरेर ग्रामीण क्षेत्रबाट शहरसम्म पुग्न घण्टौँ लाग्ने नगरवासीको समस्यालाई दीर्घकालीन समाधानमा ध्यान दिएको छ। आवतजावतमा सहजता ल्याउने उद्देश्यले सडक कालोपत्र र पक्की बनाउने योजनालाई प्राथमिकता दिएको गोलबजार नगर प्रमुख देवनाथ साहले जानकारी दिनुभयो।

हालसम्म नगरक्षेत्रका करिब २६ किलोमिटर सडकमा कालोपत्र र १४ किमी आरसिसी ढलान सकिएको नगरपालिकाले जनाएको छ। यस्तै नगरपपालिकाको विभिन्न वडाका २०० किमी सडकमा ग्राभेल सकिएको छ।

"चुनावका समयमा जनतासँग गरेको वाचाअनुरुप ग्रामीण क्षेत्रबाट बजारसम्म पुग्ने सडक कालोपत्र गर्ने कामलाई प्राथमिकता दिएका छौँ", उहाँले भन्नुभयो, "नगरक्षेत्रका अधिकांश सडकलाई ढलान गरी पक्की बनाउने काम गरिरहेका छौँ।" यसका साथै बजार क्षेत्र र बाक्लो बस्ती भएको ठाउँमा नाला निर्माणको कामलाई समेत प्राथमिकता दिएको उहाँको भनाइ छ।

सडक पूर्वाधारसँगै शिक्षा, स्वास्थ्य, पर्यटन र रोजगारीलाई समेत उच्च प्राथमिकतामा राखेर योजना अघि बढाएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीधर केसीले जानकारी दिनुभयो। उहाँका अनुसार आव ०७७/०७८ मा मात्र नगरपालिकाले छ किलोमिटर सडकमा नयाँ ट्र्याक खोलिएको छ। यसका साथै नगरक्षेत्रभित्रका प्रमुख पर्यटकीय क्षेत्र कुम्भी खाँडी तालको शिव गुफा निर्माणको कामलाई प्राथमकिता दिएको छ।

विगतमा पुल नहुँदा शहरसम्म आउन जोखिम भोग्दै आएका वडा नम्बर १ मुक्सार र वडा नं १० अरमपुरमा झोलुङ्गे पुलसमेत निर्माण गरिएको उहाँले जानकारी दिनुभयो। विद्यालय सुधार गरी शैक्षिक गुणस्तरीयता ल्याउन नगरपालिकाका विभिन्न वडामा रहेका छ विद्यालयमा कक्षा कोठा निर्माणसँगै शैक्षिक गतिविधि बढाउन अन्य भौतिक पूर्वाधार उपलब्ध गराएको जनाएको छ।

कूल १३ वडामा फैलिएको नगरपालिका ४७ हजार ७६३ जनसङ्ख्या छ। नगरपालिकाले जनघनत्व र आवश्यकताका आधारमा १३ वटै वडामा समानुपातिक बजेट उपलब्ध गराउँदै आएको छ।

बेरोजगार युवालाई रोजगारीको अवसर सिर्जना गर्न नगरस्तरीय र वडास्तरीय बजेटबाट विभिन्न सिपमूलक तालिम वर्षेनी सञ्चालन गर्दै आएको नगरपालिकाले जनाएको छ। यसरी स्थानीय तहले सडक सञ्जाल बिस्तारसँगै सडक कालोपत्र तथा ढलानलगायतका ठोस योजनालाई प्राथमिकतामा राखेर काम अघि बढाएपछि स्थानीयसमेत उत्साहित बनेका छन्।

पछिल्लो एक वर्षदेखि कालोपत्र तथा ढलानलाई प्राथमिकता दिएकाले छिट्टै नगरक्षेत्रको विकासका गतिविधिले तीव्रता लिएको गोलबजार- ५ का श्रवण महतोले बताउनुभयो। "बिगतमा सडकमा माटो र ग्राभेल हालेर बजेट सकिदै आएको थियो", उहाँले भन्नुभयो," अहिले नगरपालिकाले सडकलाई कालोपत्र र ढलानलाई अघि बढाएकाले सडक हिलो र धुलोमुक्त हुँदै गएको छ।" यसबाट वर्षेनी माटो र ग्राभेलका नाममा भ्रष्टाचार गर्ने गरेको आरोपबाट समेत जनप्रतिनिधि केही हदसम्म मुक्त हुने उहाँको कथन छ।

## दुर्घटनामा घाइते भएकी महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २४ साउन।**

पूर्व-पश्चिम राजमार्ग अन्तरगत सप्तरीको शम्भुनाथ नगरपालिका ६ कठौनास्थित सकडखण्डमा शनिबार राति भएको दुर्घटनामा घाइते भएकी महिलाको उपचारका क्रममा मृत्यु भएको छ।

बाराको आदर्श कोतवाल गाउँपालिका ३ बस्ने ६५ वर्षीया मलादेवी गिरीको रुपनी गाउँपालिकास्थित युनिक अस्पतालमा मृत्यु भएको हो।

सुनसरीको चतराबाट दर्शन गरी फर्कँदै गरेको ना.४ख. २८०० नम्बरको बसबाट ओर्लेर बाटो काट्ने क्रममा ना.४ख. २४४१ नम्बरको टयाङ्करले ती महिलालाई ठक्कर दिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

घाइते गिरीलाई उपचारका लागि रुपनी गाउँपालिकास्थित युनिक अस्पताल पुऱ्याएकामा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ।

यता ठक्कर दिने टयाङ्कर र चालक मोरङ विराटनगर महानगरपालिका ४ खाडीकोबरा बस्ने ४५ वर्षीय गणेश मण्डललाई प्रहरीले नियन्त्रणमा लिएको छ भने शव परीक्षणका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा राखिएको प्रहरीले जनाएको छ।

## राहदानी हराएको सूचना

राजविराजबाट तिलाठी जाँदै गरेको अवस्थामा २०७८ साल असार ५ गते मेरो निम्न ब्यहोराको राहदानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकीमा सम्पर्क गर्नुहोला।

**नाम : उत्तम कुमार झा**
**ठेगाना : तिलाठी कोइलाडी १, सप्तरी**
**राहदानी नं. : ०७७८०३०१**
**जारि मिति : २०१४ अगस्त २५**






# विश्व समाचार

## सबरगान सहरलाई कब्जामा लिएको तालिबान समूहको दावी

काबुल, २४ साउन (रासस/सिन्ह्वा)।

अफगानिस्तानको तालिबान समूहले यहाँको दोस्रो प्रान्तीय राजधानी पनि आफ्नो कब्जामा लिन सफल भएको दावी गरेको छ। अफगानिस्तानको ग्रामिण इलाकामा प्रभाब रहेको तालिवान समूहले अफगानिस्तानबाट अमेरिकासहितका विदेशी सेना फिर्ता हुने निर्णयसँगै आफ्ना गतिविधिलाई बढाउँदै लगेको छ।

उत्तरी क्षेत्रको जोजन राज्यको राजधानी शबरगान शहर आफ्नो नियन्त्रणमा आएको तालिबानले बताएको छ। यसअघि शुक्रबार तालिबानले दक्षिण पश्चिमी प्रान्त निमरोजको राजधानी जारान्ज कब्जामा लिएको थियो।

यद्यपि अफगानिस्तानको रक्षामन्त्रालयका प्रवक्ताले भने सरकारी सुरक्षाकर्मी अहिले पनि शहरमा रहेको र चाँडै नै तालिबान लडाकूलाई हटाउने बताउनुभएको छ। तालिवान समूहले प्रानीय सहरलाई आफ्नो पकडमा ल्याएको घोषणा सरकारी सुरक्षाबलका लागि ठूलो धक्का हो।

पश्चिमको हेरात, दक्षिणको कान्दाहर र लश्कर गाहसहितका प्रमुख शहर पनि क्रमशः आफ्नो नियन्त्रणमा लिँदै जाने तालिवानको रणनीति रहेको तालिवान समूहका एक कमाण्डरले बताउनु भएको छ। सरकारले सेनालाई उक्त क्षेत्रमा सशक्त पारेको जनाएको छ।

## भारतमा कोभिड-१९ सङ्क्रमितको सङ्ख्या तीन करोड २० लाख नजिक

नयाँ दिल्ली, २४ साउन (रासस/एएनआई)।

कोभिड-१९ बाट अति प्रभावित मुलुकमध्ये एशियाली मुलुक भारतमा कोभिड सङ्क्रमितको सङ्ख्या तीन करोड २० लाखको नजिक पुगेको यहाँको सरकारी तथ्याङ्कले देखाएको छ।

आइतबार सङ्घीय स्वास्थ्य मन्त्रालयले दिएको जानकारीअनुसार भारतमा विगत २४ घण्टामा कोभिड-१९ सङ्क्रमण पुष्टि भएका व्यक्तिको सङ्ख्या ३९ हजार ७० रहेको र योसँगै अहिलेसम्म कोभिड सङ्क्रमण पुष्टि भएका व्यक्तिको सङ्ख्या तीन करोड १९ लाख ३४ हजार ४५५ पुगेको छ।

भारतमा पछिल्लो २४ घण्टामा ४९१ कोभिड सङ्क्रमितको मृत्यु भएको छ। महामारी सुरू भएपछि अहिलेसम्म यहाँ मृत्यु भएका कोभिड सङ्क्रमित बिरामीको सङ्ख्या चार लाख २७ हजार ८६२ पुगेको छ।

पछिल्लो २४ घण्टामा पाँच हजार ३३१ व्यक्ति कोरोना सङ्क्रमणमुक्त बनेका छन्। योसँगै भारतभर कोभिड-१९ का सक्रिय सङ्क्रमितको सङ्ख्या चार लाख छ हजार ८२२ रहेको छ।

भारतमा कोभिड-१९ सङ्क्रमितमध्ये तीन करोड १० लाख ९९ हजार ७७१ व्यक्तिमा कोरोना सङ्क्रमण भई निको भइसकेका छन्। पछिल्लो २४ घण्टामा कोभिडको उपचार गराइरहेका ४३ हजार ९१० जना निको भई अस्पतालबाट घर फर्किएका छन्।

## बेइजिङले कोभिड प्रभाबित क्षेत्रबाट हुने आन्तरिक यात्रामा प्रतिबन्ध लगाउने

बेइजिङ, चीन, २४ साउन (रासस/एएनआई)।

कोभिड-१९ को सङ्क्रमण भएका क्षेत्रबाट चीन आएका यात्रीमाथि प्रतिबन्ध लगाएर कोभिड-१९ महामारी फैलिन नदिन चीनको राजधानी बेइजिङले विभिन्न उपाय तय गरेको छ।

ग्लोबल टाइम्सका अनुसार बेइजिङमा फर्कने योजना बनाएका मध्यम वा उच्च जोखिम भएका क्षेत्रका वासिन्दाहरूलाई हवाई तथा रेल सेवाका लागि टिकट बिक्री तत्कालका लागि रोकिनेछ। बेइजिङका अधिकारीले मध्यम र उच्च जोखिमयुक्त क्षेत्रमा रहेका मानिसहरुका लागि स्वास्थ्य कोडलाई अझै जोखिमको क्षेत्र सङ्केत गर्ने 'पहेँलो रङ' मा राखिनेछ।

स्वास्थ्य सङ्केत हरियो भएका स्थानका मानिसले भने कुनै अवरोध बिना बेइजिङतर्फ जाने विमान वा रेलमा चढ्न दिइने छ। चीनका विभिन्न प्रान्त वा सहरबाट नै राजधानी बेइजिङ जान हरियो सङ्केत हुनु जरुरी हुनेछ।

चीनका थुप्रै शहरमा पुनःकोभिड-१९ सङ्क्रमित भेटिन थालेपछि र उनीहरूमा समुदायबाटै सङ्क्रमण सरेको पुष्टि भएपछि चीनको राजधानीमा उच्च सतर्कताका लागि यो कदम चालिएको हो।

चीनका १५ प्रान्त तथा नगरपालिकामा ५०० भन्दा बढी व्यक्तिमा 'डेल्टा भेरियन्ट' को प्रभाब देखिएको छ।

बेइजिङको ड्याक्सिङ अन्तरराष्ट्रिय विमानस्थलले नान्जिङ, याङजाउ र झाङजियाजी जस्ता सङ्क्रमित भेटिएका र सङ्क्रमित रहेको १५ शहरबाट उडान भर्न रोक लगाएको घोषणा गरेको छ। विमानस्थलका उप महाप्रबन्धक वेन वुले भन्नुभयो, "बेइजिङ ड्याक्सिङ अन्तरराष्ट्रिय विमानस्थलले नान्जिङ, याङजाउ र झाङजियाजी जस्ता १५ सहरबाट उडान मार्गलाई अर्को सूचना जारी नहुँदासम्मका लागि निलम्बन गरेको छ। वुले उडानमा लगाइएको प्रतिबन्ध सङ्क्रमण बिस्तार नहोस भनेर गरिएको बताउनुभयो।

यसैबीच, नयाँ कोभिड-१९ सङ्क्रमितको सङ्ख्या बढ्न थालेपछि बेइजिङ अन्तरराष्ट्रिय फिल्म मेला स्थगित गरिएको स्पुतनिकले गत बिहीबारको घटनाको आधिकारिक बयान उद्धृत गर्दै रिपोर्ट गरेको छ।

"देशका धेरै क्षेत्रमा हालै महामारीको प्रकोपका कारण, सुरुमा अगस्त १४-२१ का लागि तय गरिएको ११औं बेइजिङ इन्टरनेशनल फिल्म फेस्टिभल सामान्य सुरक्षा र स्वास्थ्यका कारण स्थगित गरिनेछ," मेला आयोजक समितिले जानकारी गराएको छ। तथापि, आयोजकले यो मेला कहिले हुनेछ भन्नेबारे केही नबताएका स्पुतनिकले उल्लेख गरेको छ।

# अत्याधिक गर्मीका कारण बिरामीको चाप बढ्यो



**दैनिक समाचारदाता**
**राजविराज, २४ साउन ।**

विगत केही दिनदेखी बढेको अत्याधिक गर्मीका कारण राजविराजस्थित अस्पताल र निजि क्लिनिकहरुमा बिरामीको चाप बढेको छ ।

गजेन्द्र नरायणसिंह अस्पताल आकस्मिक कक्षका इन्चार्ज धनेश्वर साहका अनुसार ज्वरो, रुखा, खोकी, झाडापखालाका बिरामीका साथै सर्पदंशमा परेका घाइतेको चाप बढेको हो ।

दैनिक सर्पदंशको मात्रै ५/६ जना घाइते आउने गरेकोमा अहिले ज्वरो, रुघा, खोकी र झाडापखालाका दैनिक १० देखी २५ जनासम्म बिरामीहरु आउने गएको उनको भनाई छ ।

बिरामीको चाप बढ्दै गएपछि बेडको अभावमा भुईमै भएपनि उपचार भइरहेको तथा बेड व्यवस्थापन गरि उपचार सेवा प्रदान गरिरहेको उनले बताए ।

यस्तै जिल्लाको छिन्नमस्ता र युनिक अस्पतालका साथै निजी क्लिनिकहरुमा समेत बिरामीको चाप बढेको सम्वद्ध चिकित्सकहरुले बताएका छन् ।

गर्मी मौसममा भाइरलको संक्रमण बढी हुने भएकाले बिरामी बढ्ने गरेको गजेन्द्र नारायण सिंह अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रन्जित झाको भनाई छ ।

डा. झाले गर्मी मौसममा यस्ता रोगबाट बच्नका लागि विशेष गरि पानी उमालेर मात्र पिउने, दिशापिसाब गरिसकेपछि राम्ररी हात धुने, बासी सडेगलेका खानेकुरा नखाने, झाडापखाला लागिसकेपछि पर्याप्त मात्रामा जिवन जल पिउने र रोगको लक्षण देखापर्ना साथ नजिकको स्वास्थ्य चौकी र अस्पतालमा सम्पर्क गरेर औषधी खानुपर्ने सुझाव समेत दिएका छन् ।

# आँखाको सामान्य उपचारदेखी जटिल प्रकृतीका रोगको शल्यक्रिया सुरु

**दैनिक समाचारदाता**
**राजविराज, २४ साउन ।**

राजविराजस्थित आई एण्ड जनरल हस्पिटल प्रालिले आँखाको सामान्य उपचारदेखी जटिल प्रकृतीका रोगको शल्यक्रिया सुरु गरेको छ ।

२०७८ बैशाख देखी स्थापना भएको सो अस्पतालबाट आँखा सम्बन्धी रोगको उपचारका साथै जटिल प्रकृतीका शल्यक्रिया समेत सुरु भएपछि आँखा रोगले पीडितहरुलाई सहज समेत भएको छ ।

यसैबीच आइतबार सो अस्पतालमा राजविराज १ का ६५ वर्षिय कृष्णदेव ठाकुर र तिलाठी कोइलाडी गाउँपालिका ७ की ७२ वर्षिया प्रमितादेवी सिंहको दुई जटिल रोगको एकैसाथ सफल शल्यक्रिया गरिएको छ ।




मोतियाबिन्दुका साथै आँखामा मासु पलाएका दुबैजनाको डा. महेश यादव र डा. हरिश यादवको चिकित्सक टोलीले आधुनिक उपकरणको सहायताले सफल शल्यक्रिया गरेका हुन् ।

अत्याधुनिक सर्जरी सेवा सुरु गरेको अस्पतालमा दुई जना दृष्टि रोग विशेषज्ञ, एक जना अपथालमिक अफिसर र ६ जना अप्टोमेट्रिससहित १९ जना स्वास्थ्यकर्मी र कर्मचारी स्वास्थय सेवाका लागि कार्यरत रहेको सो अस्पतालले जनाएको छ ।



**हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी**

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ
- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

महत्वपूर्ण सवाल :
- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*